कृष्ण प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

**कार्यपालिका बैठक संख्या :- ९३**
**बैठक मिति :- २०७७।११।१४**
**अध्यक्षता :- नगर प्रमुख श्री द्वारिकलाल चौधरी**

**निर्णय नं. १**

इटहरी उपमहानगरपालिकाको चालु आ.ब. २०७७।०७८ को पुरक बजेटलाई संसोधन सहित आठौं नगरसभामा पेश गर्न सैदान्तिक सहमती दिने निर्णय गरियो ।

**निर्णय नं. २**

इटहरी उपमहानगरपालिकाको बिनियोजन ऐन, संसोधन विधयेक, २०७७ र आर्थिक ऐन, संसोधन विधयेक, २०७७ लाई संसोधन सहित आठौं नगरसभामा पेश गर्न सैदान्तिक सहमती दिने निर्णय गरियो।

**निर्णय नं. ३**

इटहरी उपमहानगरपालिकाको कानून मस्यौदा समितिबाट कार्यपालिकाको बैठकमा प्रस्तुत भएका तपसिल बमोजिमका विधयेकहरुलाई आठौं नगरसभाको बैठकमा पेश गर्न सैदान्तिक सहमती दिने निर्णय गरियो ।

क. इटहरी विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधयेक, २०७७ ।
ख. इटहरी उपमहानगरपालिकाको केही ऐनलाई संसोधन गर्न बनेको बिधयेक, २०७७ ।
ग. इटहरी स्वास्थ्य ऐनका सम्बन्धमा बनेको बिधयेक, २०७७ ।
घ. इटहरी भु-उपयोग तथा जग्गा व्यवस्थापन ऐन, २०७७ ।
ङ. टोल विकास संस्था संचालन तथा व्यवस्थापन गर्न बनेको बिधयेक, २०७७
च. इटहरी उपमहानगरपालिकाको कर्मचारीको तह तथा स्तरबृद्दि सम्वन्धमा व्यवस्था गर्न बनेको विधयेक, २०७७ ।
छ. इटहरी उपमहानगरपालिकाको कर्मचारीहरुको स्थायी तथा करारमा नियुक्ति गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको विधयेक, २०७७ ।

**निर्णय नं. ४**

आ.व.२०७५।०७६ का लागि नगरसभाबाट स्वीकृत सुकुमारी खोलाको दिना दाहालको घर छेउ कल्भर्ट निर्माण इटहरी ५ विनियोजित बजेट रु १५,००,०००। मात्रको योजना नगरपालिका र दिना दाहालको घर अगाडी सुकुमारी पैनी कल्भर्ट निर्माण उ.भो.स. इटहरी ५ विच मिति २०७६।३।२५ गते सम्पन्न गर्ने गरी मिति २०७६।२।१५ गते सम्झौता भएको उक्त योजनाको मिति २०७६ फागुन मसान्त सम्म म्याद थप भएकोमा मिति २०७७।९।१५ गते सम्पन्न भएकोले मिति २०७७।९।१५ गते सम्म म्याद थप गरी बजेट शिर्षक नं. ३११५९ अन्य सार्वजनिक निर्माण खर्च बाट खर्च व्यहोने गरी प्राविधिकको अन्तिम मूल्यांकन बमोजिम कन्टिन्जेन्सी बाहेक रु ११,०२,९४४। मात्र भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ५**

इटहरी उपमहानगरपालिकाको वडा नं. २० को वडास्तरीय चालु आ.ब.को योजना छविको घरको अधुरो इन्टरलकिङ्ग ब्लक निर्माण रु. ४,००,०००। (चार लाख) बिनियोजन भएकोमा उक्त योजना संसोधन गरी जागरण टोल अधुरो कालोपत्रे निर्माण रु. ४,००,०००। (चार लाख) योजना परिवर्तन गर्ने निर्णय गरियो।